स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्षा राउत फिल्म क्षेत्रकी स्थापित अभिनेत्री हुन्। अभिनयमा एक दशक बिताइसकेकी राउतले करिअरको सुरुवातमा लगातार सफल फिल्म दिइन्। पछिल्लो समय भने उनका फिल्महरू एकपछि अर्को गर्दै असफल भइरहेका छन्। यसले आफूलाई खासै फरक नपर्ने बताउने उनी पहिलेभन्दा अहिले अभिनयमा आफू खारिँदै गएको तर्क गर्छिन्।

**आजको विचार...**



वर्तमान...
*(दुई पेजमा)*

कपिल अर्याल



गत वैशाख २५ गतेदेखि प्रदर्शनमा आएको नेपाली फिल्म "लालीबजार"ले आज शनिबार प्रदर्शनको ५१औं दिन पुरा गरेको छ। षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको "लालीबजार" ले क्युएफएक्स अन्तर्गत भक्तपुर, सिभिल मल, सिटी स्क्वायर, कमलपोखरीको बिग मुभिज, सुन्धाराको सिडिसी सिनेमाज, सितापाइलाको सिके सिमाज, न्यूरोडको रञ्जना सिनेप्लेक्स, फ्रेन्ड्स सिनेमाज बुटवल र इलाम, नेपालगञ्जको सिने रोयल प्रदर्शनको ५१ औं दिन पुरा गरेको छ।

❒ वर्ष ३१ ❒ अंक ३३० ❒ २०८३ असार १४ गते आइतबार 28 June 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### अमेरिका–इरान तनावले युद्धविराममा चुनौती

(रासस/एएफपी)

**तेहरान,** असार १३/अमेरिकाले 'स्ट्रेट अफ हर्मुज' मा व्यावसायिक कार्गो जहाजमाथि इरानले आक्रमण गरेको आरोप लगाएपछि दुवै देशबीच पुन: सैन्य तनाव चर्किएको छ । इरानी सरकारी सञ्चारमाध्यमका अनुसार अमेरिकी आक्रमणको प्रत्युत्तरमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडालाई लक्षित गरी आक्रमण गरेको छ । इरानी पक्षले थप आक्रमण भए आफ्नो प्रतिक्रिया अझ व्यापक हुने चेतावनी दिएको छ । अमेरिकी केन्द्रीय कमाण्ड (सेन्टकम)ले इरानी क्षेप्यास्त्र तथा ड्रोन भण्डारणस्थल र तटीय राडार प्रणालीमाथि आक्रमण गरिएको पुष्टि गर्दै त्यसलाई 'स्ट्रेट अफ हर्मुज' हुँदै आवतजावत गर्ने व्यावसायिक जहाजमाथिको आक्रमणको जवाफ भएको जनाएको छ । सेन्टकमले इरानको गतिविधिलाई युद्धविरामको उल्लैनसमेत भनेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कार्गो जहाजमाथिको ड्रोन आक्रमणको निन्दा गर्दै त्यसलाई युद्धविराम सम्झौताविपरीतको कदम भएको बताएका छन् । उपराष्ट्रपति जेडी भान्सले पनि इरानबाट थप आक्रमण भए कडा जवाफ दिइने चेतावनी दिएका छन् । यसैबीच इरानले 'स्ट्रेट अफ हर्मुज' मार्फत आवतजावत गर्ने जहाजलाई अनुमति नलिई यात्रा नगर्न चेतावनी दिएको छ ।

# पाल्पामा आम्दानीको मुख्य स्रोत बन्दै 'दालचिनी'

**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा),** असार १३/ जिल्लाको तिनाउ गाउँपालिका सत्यवतीका जीतबहादुर राना ऋणधन गरी आठ वर्षअघि मलेसिया गए । झण्डै छ वर्ष वैदेशिक रोजगारमा बिताएका उनले त्यहाँ राम्रो कमाई गर्न नसकेपछि घर पर्किए । विदेश जानुअघि गाउँमा परिवारले मकै, कोदोखेती लगाउँथे । उनी घर फर्किंदा कोदो, मकै छोडेर परिवारका सदस्यहरूले दालचिनीको खेती सुरु गरिसकेका रहेछन् ।

जीतबहादुर पनि दालचिनी खेतीमै लागे र विदेश जाने क्रम रोके । "अब विदेश जान्न गाउँमै दालचिनीको खेती गर्छु भनेर यसैमा लागेको छु", घरआँगनमा दालचिनी स्याहार्दै गरेका उनले भने, "वार्षिक पाँचदेखि आठ लाख आफ्नै गाउँमा कमाइ हुँदोरहेछ । किन विदेश गइरहनु ?" विदेशमै रहेका छोरालाई पनि उनले घर बोलाएको बताए । खरबारी, भिर, कान्लामा लगाएको दालचिनीबाट गत वर्ष आफूले



सात लाख रुपैयाँको कारोबार गरेको र विदेश जाँदा लागेको ऋण समेत चुक्ता गरेको उनले बताए । स्थानीय दमयन्ती दर्लामीले गत वर्ष छोराको बिहे गरिदिइन् । बिहेमा झण्डै दुई लाख रुपैयाँ ऋण लाग्यो । उक्त ऋणले दमयन्तीलाई निन्द्रा न भोक नै बनायो । ऋणकै कारण एक वर्षसम्म राम्रोसँग रातमा निदाउन नसकेकी दर्लामी हिजोआज भने राम्रैसँग निद्रा लाग्ने गरेको बताउन्छिन् । आफ्ना श्रीमान्ले बारीको कान्लाभरि चार वर्ष अगाडि लगाएको दालचिनीको पात र बोक्राबाट चार लाख रुपैयाँ हात पऱ्यो । ऋण पनि चुक्ता भयो, झन् केही रकम बचत पनि भएपछि आनन्दले निद्रा लागेको उनी आफ्नो अनुभव सुनाउन्छिन् । दर्लामीकै आफन्त टीकाराम ढाडाको पनि कथा र व्यथा उस्तै छ । गत वर्ष बर्सातका कारण ओत लाग्ने बासै गयो । त्यही बास बनाउन उनले चार लाख रुपैयाँ ऋण लिनुपऱ्यो । त्यो ऋणले उनलाई पनि लामो समय बेचैन नै बनायो । भनिन्छ 'दुख र अफ्ठ्यारोमा परेकाहरुको साथी भगवान हुन्छन्' भने जस्तै त्यही वर्ष दालचिनी बिक्रीबाट झण्डै तीन लाख र तेजपात बिक्रीबाट एक लाख ५० हजार रुपैयाँ हात पऱ्यो । त्यसले सन्तोषको श्वास लिन सकेको उनी बताउन्छिन् । रैनादेवी छहरा गाउँपालिका–८ खुर्सानेकी देवीका सारुकी ठूली छोरी कमलाको भविष्यमा नर्स बन्ने सपना थियो । त्यो सपना पूरा गर्न उनको पारिवारिक आर्थिक अवस्थाले पुग्दैनथ्यो । सारुले पाँच वर्षअघि आफ्नो बाँझो जग्गामा दालचिनी लगाएकी थिइन् । दालचिनीबाट राम्रो आम्दानी हुन्छ भन्ने उनले कल्पनासमेत गरेकी थिइनन् तर घरमै बुटवलबाट व्यापारी दालचिनीका बोक्रा लिन आएपछि उनले बल्ल यसबाट राम्रो आम्दानी हुन्छ भन्ने थाहा पाइन् । उनले गतवर्ष दालचिनीका पात र बोक्रा बिक्री गरेर रु पाँच लाख आम्दानी गर्न सफल भइन । त्यही आम्दानीबाट अहिले छोरीको नर्स बन्ने सपना पूरा गर्दै छन् । यस्तै निस्दीको ज्यामिरेका खेमबहादुर सोतीले दुई लाख हालेर ल्याएको बेहुनी भैंसी गत वर्ष गोठमा भएको आगलागीमा परेर मऱ्यो । दूध र घ्यू बिक्रीबाट आम्दानी गर्ने सोच बनाएर झण्डै लाखौं खर्चेर भैंसी किनेर ल्याएका उनले भैंसी नै नरहेपछि त्यही भैंसी किन्दा लागेको ऋण तिर्नकै लागि भारत जाने तयारीमा थिए तर साथीभाइले खेर गएको तेजपातको बिक्रीबाट राम्रो कमाइ हुन्छ भनेपछि उनी रोकिए । नभन्दै गत वर्षको दसैंमा सोतीले तेजपात बिक्रीबाट तीन लाख रुपैयाँ हात पारे । त्यही आम्दानीले भैंसीको ऋण तिर्न सकेको उनी बताउन्छन् । यी त केही प्रतिनिधि पात्र मात्रै हुन् । यहाँका धेरै किसानले दालचिनीको पात र बोक्रा बिक्री गरेर राम्रो आम्दानी गर्न सफल भएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## ११ जिल्लामा बर्डफ्लु संक्रमण पुष्टि




**पाल्पा,** असार १३ / देशका ११ जिल्लामा बर्डफ्लु संक्रमण रहेको पुष्टि भएको छ । पशुसेवा विभागका अनुसार हालसम्म ११ जिल्लाका ८२ स्थानमा सङ्क्रमण पुष्टि भइसकेको हो ।

पहिलो पटक मोरङमा देखिएको बर्डफ्लु झापा, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकसम्म सङ्क्रमण फैलिएको हो । सङ्क्रमण नियन्त्रणका क्रममा हालसम्म पाँच लाख ६९ हजार ८५८ वटा पक्षी नष्ट गरिएको छ । त्यस्तै नौ लाख ८९ हजार ३१३ वटा अण्डा र एक हजार ९५४ दशमलव ८५ क्विन्टल दाना पनि नष्ट गरिएको छ । विभागका अनुसार हालसम्म कोशी प्रदेशका झापा, मोरङ र सुनसरीसँगै बारा, महोत्तरी, चितवन र नवलपरासीमा सङ्क्रमण नियन्त्रणमा आइसकेको छ । तर काठमाडौँ, ललितपुर, भक्तपुर तथा काभ्रेपलाञ्चोकका केही क्षेत्रमा सङ्क्रमण अझै देखिइरहेकाले विशेष निगरानी बढाइएको विभागले जनाएको छ । विभागले पन्छीपालक किसानलाई फार्ममा जैविक सुरक्षा (बायोसेक्युरिटी) का मापदण्ड कडाइका साथ पालना गर्न, पुराना अण्डाका क्रेट पुन:प्रयोग नगर्न, ढुवानीका साधन पूर्ण रूपमा निसङ्क्रमण गरेर मात्र फार्मभित्र प्रवेश गराउन तथा जंगली पन्छीसँग घरपालुवा पन्छीको सम्पर्क हुन नदिन आग्रह गरेको छ ।

## लुम्बिनीमा भुटानी गुम्बाको शिलान्यास

**रूपन्देही,** असार १३/लुम्बिनीमा भुटानी गुम्बाको शिलान्यास गरिएको छ । भुटान सरकारले भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा निर्माण गर्न लागेको गुम्बाको शनिबार औपचारिक रूपमा शिलान्यास गरिएको हो ।

गुम्बाको भुटानका गृहमन्त्री ल्योन्पे छिरिङ, भुटानका धर्मगुरु उप महासैराजा दोर्जे लोपेन रिम्पोछे तथा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्नमन्त्री खड्गराज अधिकारी पौडेलले संयुक्त रुपमा धार्मिक विधिअनुसार शिलान्यास गरेका हुन् । भुटान सरकार र लुम्बिनी विकास कोषबीच गतवर्ष गुम्बा निर्माणसम्बन्धी समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको थियो । उक्त



सम्झौताअनुसार निर्माण प्रक्रिया अघि बढेको लुम्बिनी विकास कोषले जनाएको छ । शिलान्यास कार्यक्रममा भुटानी लामागुरुहरूले धार्मिक अनुष्ठान गर्दै भूमि पूजन गरेका थिए । निर्माणलाई भुटान र नेपालबीचको सांस्कृतिक, धार्मिक तथा कूटनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउने ऐतिहासिक कदमका रूपमा हेरिएको छ । परियोजनाको पहिलो चरणअन्तर्गत गुम्बा परिसरको सीमा पर्खाल निर्माण कार्य सम्पन्न भइसकेको छ भने अब मुख्य मन्दिर निर्माणको काम सुरु गरिएको छ । भुटान सरकारले आगामी दुई वर्षभित्र सम्पूर्ण निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ । प्रस्तावित गुम्बामा भुटानको मौलिक वास्तुकला, धार्मिक कला तथा सांस्कृतिक विशेषतालाई समेटिने बताइएको छ । भुटानी शैलीका संरचना, प्रार्थना कक्ष, सांस्कृतिक प्रदर्शनी क्षेत्र तथा धार्मिक गतिविधिका लागि आवश्यक पूर्वाधार निर्माण गरिने छन् । गुम्बा निर्माण सम्पन्न भएपछि लुम्बिनी भ्रमणमा आउने विश्वभरका बौद्ध तीर्थयात्री तथा पर्यटकहरूले भुटानी संस्कृति, कला र आध्यात्मिक परम्पराको प्रत्यक्ष अनुभव गर्न सक्नेछन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## बर्डफ्लुको जोखिम : सतर्कता अपनाऔँ

केही दिन यता नेपालमा बर्डफ्लुको संक्रमण बढ्दो रहेको छ । पशुसेवा विभागका अनुसार हालसम्म ११ जिल्लाका ८२ स्थानमा सङ्क्रमण पुष्टि भइसकेको छ । विसं २०८२ चैत ४ गते मोरङमा पहिलोपटक बर्डफ्लु पुष्टि भएपछि झापा, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकसम्म सङ्क्रमण फैलिएको हो । बर्डफ्लु मुख्यतः पन्छीमा देखिने भाइरल रोग भए पनि केही विशेष अवस्थाहरूमा संक्रमित पन्छीसँग प्रत्यक्ष सम्पर्कमा रहेका मानिसमा समेत संक्रमण सर्नसक्ने सम्भावना रहन्छ । यद्यपि, नेपालमा हालसम्म मानिसमा संक्रमण पुष्टि भएका घटना अत्यन्तै न्यून छन् ।

यो रोगले पोल्ट्री व्यवसाय, खाद्य सुरक्षा र जनस्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । त्यसैले बर्डफ्लुको बढ्दो जोखिमलाई सामान्य रूपमा लिनु हुँदैन । बर्डफ्लुले पोल्ट्री उद्योगमा ठूलो आर्थिक क्षति पुऱ्याउँछ । संक्रमण फैलिएको स्थानमा हजारौँ कुखुरा नष्ट गर्नुपर्ने अवस्था आउँछ, जसले किसानको लगानी डुब्नुका साथै बजारमा मासु र अण्डाको आपूर्तिमा समेत असर पार्छ । यसको प्रत्यक्ष प्रभाव उपभोक्ता र समग्र अर्थतन्त्रमा पर्न जान्छ । त्यसैले बर्डफ्लुबाट जोगिन सर्तकता अपनाउ आवश्यक छ । संक्रमित पन्छीसँग प्रत्यक्ष सम्पर्क, असुरक्षित ढङ्गले मासु वा अण्डा प्रशोधन गर्नु तथा सरसफाइमा लापरवाही गर्नु जोखिमका कारण हुन् । त्यसैले समयमै सावधानी अपनाउनु नै सबैभन्दा प्रभावकारी उपाय हो ।

बर्डफ्लुको पछिल्लो प्रकोपले कुखुरा उद्योगलाई पुनः ठूलो दबाबमा पारेको छ । संक्रमण फैलिएका जिल्लामा उत्पादन घट्नुका साथै बजारमा आपूर्ति शृंखला प्रभावित हुन पुगेको छ । यस्तो अवस्थामासरकारले सीमावर्ती क्षेत्रमा निगरानी बढाउने, नियमित परीक्षण गर्ने, संक्रमण देखिएमा तत्काल नियन्त्रणका उपाय लागू गर्ने तथा किसानलाई आवश्यक सहयोग उपलब्ध गराउने दायित्व पूरा गर्नुपर्छ । साथै, पशु स्वास्थ्य सेवा, स्थानीय तह र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक छ । नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । बिरामी वा मरेका कुखुरा तथा जंगली चरासँग अनावश्यक सम्पर्क नगर्ने, मासु र अण्डा राम्रोसँग पकाएर मात्र खाने, पोल्ट्री फार्ममा जैविक सुरक्षा (बायोसेक्युरिटी) का मापदण्ड पालना गर्ने तथा शंकास्पद अवस्था देखिएमा सम्बन्धित निकायलाई तत्काल जानकारी गराउने बानी बसाल्नुपर्छ ।

## Opinion @ Social Network

ढिलै भएपनि पैसा चै कमाउनु छ जिन्दगीमा किनभने
यहाँ मान्छेहरूले हालखबर हैन हैसियत सोध्ने गर्छन् ।
*(बिष्णुको पौडेलको फेसबुक स्टाटसबाट www.facebook.com/Bishnu.Paudel)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वर्तमान सरकारका यी सय दिन



## कपिल अर्याल

*भ्रष्टाचारलाई निर्मूलीकरण गर्न र सुशासनको प्रत्याभूति आमनागरिकमा दिलाउन दीपक भट्ट, विष्णु पौडेल, दीपक खड्का, मोहन बस्नेत जस्ता उच्च व्यक्तित्वलाई अनुसन्धानको दायरामा सरकारले ल्याउने प्रयत्न गरेको छ ।*

वर्तमान सरकारको १०० दिनलाई सापेक्षित रूपमा सन्तुलित, संक्रमणकालीन र परिवर्तनमुखी मान्न सकिन्छ । सामान्य प्रक्रियामा पाँच वर्षको म्यान्डेट लिएर आएको सरकारको १०० दिने अवधिलाई ठोस रूपमा विश्लेषण गर्ने वा आंकलन गर्ने कुनै सहज आधार त हुँदैन तर हुने बिरुवाको चिल्लो पात भनेजस्तै वर्तमान कस्तो अवस्थाबाट गुज्रिरहेको छ भन्नेमा विवेचना वा समीक्षा गर्नु बान्छनीय हुन्छ । सरकारको मुख्य धेय राज्यका प्रमुख अंगहरूको पुनर्निर्माण र पुन:संरचना हो । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालगायत संवैधानिक आयोगलाई नीतिगत, वस्तुगत तहबाट त्यहाँभित्रका समस्या तथा कमजोरीहरू परिमार्जित गरी जनअपेक्षाको वातावरण निर्माण गर्नु हो । आंशिक रूपमा सरकारको मार्गदर्शन सोही दिशातर्फ उन्मुख भएको आंकलन गर्न सकिन्छ । सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि आन्दोलनको जगमा उभिएको नयाँ सरकार सुशासनकै पक्षमा कसरत गरिरहेको हो कि भन्ने अनुभूति गर्नमात्र सकिन्छ । सरकारले एक सय दिनको अवधिमा जनतालाई प्रत्याभूति दिलाउन एक सयवटा कार्ययोजना अघि सारेको थियो । जसमध्ये कतिपय एजेण्डा केही सम्पन्न भएका छन् भने केही निर्माणाधीन प्रक्रियामा छन् । 'रिफर्मेसन अफ द स्टेटको सिद्धान्त'मा रही राजनीतिक मतियारका रूपमा रहेका ट्रेड युनियनहरूको विगठन सरकारको एक सयबुँदे सूची अनुसारको कार्यक्रममा पर्न गयो । तर, ट्रेड युनियनको सैद्धान्तिक मर्म भनेको श्रमजीवीहरूको हकहितका लागि राज्यसँग अधिकारको सुनिश्चितता गर्ने माध्यम थियो ।

वर्षौंदेखि समस्याग्रस्त सुकुम्बासी र अव्यवस्थित बसोवासीहरूको सवालमा सरकारले सुरुवातमा योजनाविहीन ढंगबाट डोजरीकाण्ड मच्चाएता पनि सुकुम्बासीहरूको पहिचान र उचित बासको व्यवस्थापनका लागि लालपुर्जा वितरणसम्मका कार्यक्रम अघि सारेको छ । सहकारी पीडितका लागि लगानी फिर्ताको कार्ययोजना अघि बढाइसकेको छ । कयौं पीडितले ससाना रकम प्राप्त गर्न थालिसकेका छन् । यसले के देखाउँदछ भने देखिएका तमाम समस्याहरूको निर्मूलीकरण र निकासका लागि प्रारम्भिक रूपमा सरकार दृढ छ कि भन्ने आभाष हुनथलेको छ । यावत कार्ययोजना अघि बढ्दाबढ्दै विरोध र असन्तुष्टिका प्रतिराग सांकेतिक रूपमा प्रदर्शन भइरहेका छन् । यसले चिन्ता र चासोको सवालमा स्थायित्व र स्थिरता माथि प्रश्न उठाइरहेको छ । अंकगणित ठूलो कुरा इतिहासका कैयौं घटनाक्रमले पुष्टि गरिसकेका छन् । तर, वर्तमान सरकारको उत्पत्ति र विकास भने भिन्नै किसिमबाट भएको हुँदा यहाँ अंकगणितभन्दा जनविश्वास प्रगाढ रहेको छ । तसर्थ वर्तमान सरकार अविचलित छमा कुनै दुविधा देखिँदैन । सरकारले विभिन्न आयोग स्थापना गरी निष्पक्ष रूपमा भ्रष्टाचारविरुद्ध छानबिन गर्ने संयन्त्र, कार्यक्रम सशक्त रूपमाअघि बढाइरहेको छ । सार्वजनिक प्रशासनलाई चुस्त र दुरुस्त गराउन विभिन्न सरकारी कार्यालयका बिचौलियालाई कार्यालय परिसरबाट पन्छाउने प्रयत्न गर्दैछ । राजनीतिक शक्तिको होडबाजीमा निहित स्वार्थमा पल्केका ब्युरोक्र्याट्सहरू पनि वर्तमान सरकारबाट सशंकित छन् । आमनागरिकलाई सरल, सहज रूपमा सेवा प्रदान गर्न मन्त्रालय तहरबाटै विभिन्न खालका उर्दी जारी भएका छन् । राहधानी, राष्ट्रिय परिचयपत्र, लाइसेन्स, मालपोत, नापी कार्यालयलगायत क्षेत्रमा नवसरकारले ल्याएको सेवाको सन्दर्भमा केही सकारात्मक परिवर्तन महसुस सर्वसाधारणले गरिरहेका होलान् । असहज परिस्थितिमा तेलको आपूर्तिमा सन्तुलन मिलाउन हप्ताको दुईदिन सार्वजनिक बिदा योजना ल्याएर पर्यटन क्षेत्रमा मात्र सकारात्मक देखिएको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय जस्ता मन्त्रालयहरूको पुनर्निर्माणले आधुनिक युगको विज्ञान प्रविधि तथा नवप्रवर्तनलाई सरकारले गम्भीरताका रूपमा ग्रहण गरी आविष्कार र प्रविधिलाई समुचित प्रयोग गर्ने माध्यम बनाएको देखिन्छ । राजनीतिक नियुक्तिका कारण आलोचित भइरहने हरेक सरकार यसपालि भने खुल्ला प्रतिस्पर्धाबाट नियुक्त हुने माध्यमले सरकार सुशासनको मार्गतर्फ केन्द्रित छ कि भन्ने बुझाइ देखिन्छ । राजनीतिक नियुक्ति लिएका व्यक्तिहरूलाई पदमुक्त वर्तमान सरकारले गरेको छ । विश्वविद्यालयमा हुने राजनीतिक खिचातानीलाई कार्य मूल्यांकनका आधारमा योग्य र सक्षम व्यक्ति पदस्थापन गर्ने नयाँ अवधारणा सरकारले सुरुवात गरेको छ । जनताको मतादेश नै सरकार निर्माणको लोकतान्त्रिक प्रक्रिया भन्ने मूल मन्त्रबाट विक्षित भई सरकारले वैदेशिक क्षेत्रमा रहेका नेपालीहरूलाई मतदान गर्न पाउने अधिकारको सुनिश्चितताका लागि निर्वाचन ऐनमा फेरबदल गर्ने प्रयत्न गरेको छ । सम्मानित सर्वोच्च अदालतमा रोल क्रममा हुने प्रधान न्यायाधीशको नियुक्तिलाई कार्य प्रगति विवरण र मूल्यांकनका आधारमा सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्ति गर्ने नयाँ गोरेटो खनेको छ । आरोप-प्रत्यारोपबीच सरकारले एक सय दिनभित्र गौरीबहादुर कार्कीको प्रतिवेदन र मानव अधिकार आयोगको प्रतिवेदनलाई न्यायोचित ढंगले अघि बढाउन अनुसन्धान र छानबिनलाई अघि बढाउने भनेको छ । अनेक आरोह-अवरोहबीच सम्पत्ति विवरणमा मुछिएका गृहमन्त्री सुदन गुरुङ मुद्दाको किनारा नलागेसम्म पदबाट निलम्बित भई पुन: सफाइ पाई गृहमन्त्रीमा नियुक्ति भएका छन् । स्वतन्त्र रूपमा म्याग्दी जिल्लाबाट निर्वाचित भएका महावीर पुनलाई विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको जिम्मेवारी प्रदान गरिएको छ । यसले सरकारको कार्यशैली र गरिमालाई संसदीय लोकतन्त्रमा बहुमतको मात्र कदर नभएर अल्पमतको पनि कदर हुने विषयलाई प्रतिबिम्बित गरेको छ । केही दिनअघि प्रधानमन्त्रीले सदनमा नेपालको सीमा सम्बन्धमा उठाएका केही प्रश्नमाथि शब्दको अनुचित शब्दजालमाथि टीकाटिप्पणी गरिरहेका छन् । निजामती प्रशासनमा अवकाशको समयावधि ५५ वा ३० वर्ष अवधिको विषय चर्चा छ । यो नितान्त निजामती सेवामा सुधारका लागि ल्याइएको अवधारणा हो । वर्तमान स्थितिमा वा प्रारम्भिक स्थितिमा, सरकारले सबै कुरा पूर्ति गऱ्यो भन्ने चाहिँ होइन तर प्रयासरत छ भन्ने हो । राजनीति, संसद् र राज्य अवधारणाका सैद्धान्तिक सन्दर्भमा सरकार आलोकाँचो छ । यो सरकार सर्वज्ञानी, सर्वव्यापी छ भनेर भनिहाल्नु बेतुकको तर्क हुन्छ । सिक्दै, सिकाउँदै, अनुभव लिँदै राज्यका संयन्त्रलाई नीति र विधिनुसार परिपालना गर्दै जानसक्यो भने पक्कै सरकारले असाधारण प्रगति हासिल गर्न सक्दछ । विगत सबै खराब थियो भन्ने मनोविज्ञानभन्दा विगतमा कमीकमजोरी भए वर्तमानमा त्यही कमीकमजोरीबाट सिक्दै सुनौलो नेपाली भविष्य निर्माण गर्न सरकार प्रतिबद्ध छ भन्नेमा जनविश्वास पैदा गर्न आवश्यक छ । आवेग, अहंकार र आडम्बरलाई त्याग्न सकियो भने राजनीति सुसंस्कृत हुनसक्दछ । पुराना राजनीतिक वृत्तका दलहरूले सरकारको अनुचित कदममा आलोचना गर्न सक्नु, उचित कदममा हौसला प्रकट गर्नुसक्नु नै नेपाली राजनीतिको स्थिरता र स्थायित्वको नवगन्तव्य हुनसक्दछ । तर, विरोधका लागि विरोध, सही कुराका लागि विरोध जस्ता गतिविधिले सरकार त कमजोर हुन्छ नै त्यसले देशलाई पनि कमजोर बनाउँछ । सरकारले विधान बमोजिम नै आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको छ । विनियोजित बजेटबाट कृषि, पर्यटन, रोजगारी, विकास, प्रविधि र इनोभेसन जस्ता क्षेत्रमा बजेट विनियोजन भइसकेको छ । मन्त्रिपरिषद्को आकारमा फेरबदल गर्नु, संविधान संशोधनको प्रक्रियामा सामेल हुनु सरकारको एक सय दिने कार्यक्रमअन्तर्गतका उद्देश्य छन् । आपसी सद्भाव र सहकार्यताले मुलुकले फड्को मार्नसक्छ । सरकारको नेतृत्व गरिरहेको दलका सभापति रवि लामिछाने भारत भ्रमणको क्रममा भारतसँग सहकार्यका लागि भारत भ्रमण गर्नु एउटा अध्याय प्रारम्भ भएको स्वीकार्नु पर्दछ । तत्पश्चात् परराष्ट्रमन्त्रीको तत्काल भारत भ्रमण र विभिन्न एसियाली फोरमहरूमा उनको उपस्थितिले वैदेशिक र छिमेकी शक्तिबीच सरकारको पारस्परिक सम्बन्ध स्थापित गर्न मद्दत पुऱ्याएको देखिन्छ । औपचारिक वा अनौपचारिक भेटघाटले मात्रै परराष्ट्र नीतिमा सुदृढ वातावरण निर्माण हुनसक्दैन । यसका लागि खुला फदयले पारस्परिक सम्बन्ध निर्माणका लागि नीतिगत र विधिगत तहबाट गृहकार्य गर्न जरुरी छ । तसर्थ सरकारले एक सय दिनमा केही प्रारम्भिक कार्यनीति प्रारम्भ गरेको छ । भ्रष्टाचारलाई निर्मूलीकरण गर्न र सुशासनको प्रत्याभूति आमनागरिकमा दिलाउन दीपक भट्ट, विष्णु पौडेल, दीपक खड्का, मोहन बस्नेत जस्ता उच्च व्यक्तित्वलाई अनुसन्धानको दायरामा सरकारले ल्याउने प्रयत्न गरेको छ । शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि पर्यटन र औद्योगिकरण र प्रविधिकरणमा सरकारको सय दिने कार्यक्रमको औचित्य र उद्देश्य स्पष्ट देखिएको छ । जनताको पहुँच सिंहदरबारसम्म पुऱ्याउन विभिन्न हटलाइन सेवा स्थापित गरेको छ । पुराना उद्योगलाई स्वचालित गर्ने वर्तमान सरकारले नयाँ अवधारणा अघि सारेको छ । सुदूरपश्चिम, कर्णाली जस्ता विकट क्षेत्रमा खेलकुद पर्यटन यातायात र सडकको पूर्वाधार निर्माणका लागि नीतिगत तहबाटै सरकारले यो एक सय दिने गृहकार्य अघि बढाइसकेको छ । परराष्ट्र नीतिको सन्दर्भमा समसामिप्ताको सिद्धान्तलाई अंगीकार गर्दै नेपाल कुनै पनि सैन्य गतिविधिमा संलग्न नरहने कुरा सरकार पक्षबाटै जिकिर भएको छ । यसले वैदेशिक र छिमेकी राष्ट्रहरूमा पर्ने प्रभावप्रति सरकार जिम्मेवार छ भन्ने अंकित गरेको छ । विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्न राखेको इच्छुकता र आशयतालाई सरकारले समन्वयात्मक संस्कृतिमार्फत सम्बोधन गर्ने नीति तय गरेको छ । यिनै सरकारका महत्त्वकांक्षी योजना र दृढ संकल्पका आधारमा सरकारको एक सय दिने कार्यक्रमलाई सन्तुलित सापेक्षित र परिवर्तनमुखी मान्न सकिन्छ । परिवर्तनका लागि रिफर्मेसन अफ द स्टेट वर्तमान सरकारको मूल एजेण्डा हो । संविधान संशोधनको कार्यदलले कस्ता विषयमा संविधान संशोधनको प्रक्रियालाई अगाडि बढाउँछ त्यो हेर्न बाँकी छ । यदि संविधान संशोधनको विषय रिफर्मेसन अफ द स्टेटसँग सम्बन्धित भयो भने देशले परिवर्तनको बागडोरलाई सापेक्षित रूपमा सही दिशातर्फ केन्द्रित गरेको महसुस गर्नेछन् । नेपाली समाज बहुलवादी, बहुलभाषी र बहुसांस्कृतिक विशेषतासहित निर्मित एक राज्य हो ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरूको चाहना र आफ्नो उद्देश्यबीच सन्तुलन मिलाउनु आवश्यक हुनेछ। | **तुला**: एउटा सामान्य भेटले नयाँ ढोका खोल्न सक्छ। समय दिनु लाभदायक हुनेछ। |
| **वृष** : सामान व्यवस्थित गर्ने वा घरको वातावरण सजाउने सोच आउन सक्छ। | **वृश्चिक** : जिम्मेवारी पूरा गर्ने शैलीले राम्रो प्रभाव छोड्नेछ। धैर्यले सम्मान बढाउनेछ। |
| **मिथुन** : सानोविवरणमा ध्यान दिनु आवश्यक हुनेछ। लापरबाही नगर्दा काम सहज हुनेछ। | **धनु** : दृष्टिकोण फराकिलो बनाउने अवसर आउनेछ। सिकाइले अर्थपूर्ण बनाउनेछ। |
| **कर्कट** : थोरै संयमले पछि राहत दिनेछ। पैसाको सही प्रयोगबाट सन्तुष्टि मिल्नेछ। | **मकर** : जटिल विषय स्पष्ट हुन सक्छ। संयमले तपाईंको पक्ष बलियो बनाउनेछ। |
| **सिंह** : लामो समयदेखि मनमा राखेको निर्णय कार्यान्वयन गर्ने हिम्मत जुट्न सक्छ। | **कुम्भ** : एक्लै निर्णय गर्नुभन्दा विश्वासिलो व्यक्तिसँग सल्लाह गर्नु उपयोगी हुनेछ। |
| **कन्या** : एक्लै बस्न मन लाग्न सक्छ। विगतका अनुभवले बाटो रोज्न मद्दत गर्नेछन्। | **मीन** : कामको क्रम मिलाउँदा समय बच्नेछ। सन्तुलित दिनचर्याले दिन सहज बनाउनेछ। |

# कृषि

## खाडीबाट फर्केर गाईपालन, मासिक रु दुई लाख आम्दानी



पर्वत रोजगारीका लागि आठ वर्षसम्म खाडीमुलुक साउदी अरब बसे पनि भनेजस्तो कमाई गर्न नसकेपछि घर फर्किएर व्यावसायिक गाईपालन गरेका पर्वतका एक युवाले मासिक रु दुई लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् । पर्वतको जलजला गाउँपालिका-८ फर्सेका ४५ वर्षीय नारायण जिसीले स्वदेशमै बसेर मासिक रु दुई लाखभन्दा बढी आम्दानी गर्न सफल भए । विगत १३ वर्षदेखि व्यावसायिक गाईपालनमा लागेका जिसीको गोठमा १२ वटा गाई र एउटा भैँसी छ । उनले दैनिक रूपमा ७५ देखि ८० लिटर दूध उत्पादन गरी बजारमा बिक्री गर्दै आएको जानकारी दिए । "गाईपालन सुरु गरेपछि आठ वर्ष साउदी अरब गएर काम गरेँ, तर आफ्नै घरमा जस्तो कमाई नभएपछि पुन: फर्केर व्यवसाय विस्तार गरेको हुँ", उनले भने । पछिल्लो पटक रु १५ लाख लगानी गरेर गाईपालनमार्फ दूध उत्पादन थाल्नुभएका जिसीले यो व्यवसायबाट आफू सन्तुष्ट रहेको बताए । उनले दूध बिक्रीबाट वार्षिक रु २४ लाखभन्दा बढी आम्दानी हुने गरेको बताए । उनले दानापानी, घाँस, परालका लागि मासिक रु ६० हजार खर्च हुने गरेको बताउँदै खर्च कटाएर वार्षिक रु १७ लाखदेखि रु १८ लाखसम्म बचत गर्ने गरेको जानकारी दिए । उनका अनुसार उत्पादित दूध बस्ती नजिकै रहेको सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाको सङ्कलन केन्द्रमा बिक्री हुँदै आएको छ । सहकारीले प्रतिलिटर गुणस्तरका आधारमा न्यूनतम रु ९६ देखि रु ११० सम्म रकम किसानलाई भुक्तानी दिने गरेको जिसीले उल्लेख गरे । घरबाटै बिक्री गरी पर्याप्त मूल्यसमेत पाउने भएकाले व्यवसायमा सोचेभन्दा बढी सफलता पाएको उनको भनाइ छ । "नजिकैको सहकारीमा बिक्री हुने भएकाले बजारीकरणको समस्या पनि छैन, गुणस्तरका आधारमा मूल्य निर्धारण हुने भएकाले ढुक्क छु", उनले भने । जिसीले एकीकृत विकास कार्यालय र गाउँपालिकाको कार्यालय दुवै स्थानमा फार्म दर्ता गरेर सञ्चालन गर्दै आएको जानकारी दिए । गाईवस्तुका लागि दानापानी आफैँ तयार गर्ने, घाँसपराल आफ्नै खेतबारीमा उत्पादन गर्ने भएकाले नियमित खर्चसमेत कम हुने उनको अनुभव छ । जिसीले आफ्नो फार्ममा परिवारका सदस्यले मात्र काम गर्दै आएका बताए । आफू, श्रीमती, छोराछोरीले नियमित रेखदेख गर्ने गरेको बताउँदै उनले हालसम्म बाहिरी कामदार राख्नु नपरेको उल्लेख गरे । भनेजस्तो कमाई भएपछि जिसी हौसिएका छन् । उनले यो व्यवसायलाई विस्तार गर्ने योजनासमेत बनाएका छन् । अब गोठ तथा अन्य संरचना विस्तार गरी गाईभैँसीको सङ्ख्या २० पुर्याउने योजना रहेको उनले बताए । जिसीले पालिका र जिल्लामा रहेको भेटेरीनरी अस्पतालले प्राविधिक सहयोग गर्दै आएको जानकारी दिए । यसबाहेक दूध ढुवानीमा प्रतिलिटर रु पाँच अनुदान पाउने भएपछि किसानलाई थप सहज भएको छ । आफूहरूलाई राज्यलेसमेत प्रोत्साहन गरेकाले यसतर्फ आकर्षण बढेको सञ्चालक जिसीले बताए । उनले आफूजस्तै विदेशमा गएर भौतारिने युवायुवतीलाई स्वदेशमै कृषि तथा पशुपालन गर्न सुझाव दिए । पर्याप्त मात्रामा उत्पादन गर्ने हो भने बजारको अभाव नहुने बताउँदै जिसीले खाडी मुलुकमा पसिना बगाउनुभन्दा आधा कम कमाई भए पनि स्वदेशमै रमाउन आनन्द हुने अनुभव सुनाए । फर्से गाउँमा जिसी मात्र नभई अन्य ३५ जना युवाले व्यवसायी गाईभैँसी पालन फार्म सञ्चालन गर्दै आएका छन् । यहाँको एउटै गाउँबाट दैनिक ८०० लिटर दूध उत्पादन हुने गरेको जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशुसेवा कार्यालयले जानकारी दिएको छ । कार्यालयका प्रमुख सुरेशकुमार श्रेष्ठले किसानलाई प्रोत्साहनका लागि प्रतिलिटर दूध ढुवानीमा रु पाँचका दरले अनुदान दिँदै आएको बताए । यसबाहेक भकारो सुधार, गाईभैँसीलाई बस्ने म्याट खरिद, दूध सङ्कलनका लागि क्यानलगायत सामग्रीसमेत कार्यालयले सहयोग गर्दै आएको उनले बताए ।

*-रासस*


## रेसुङ्गा नगरपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

| बाबुराम पल्ली | अमृतादेवी कुँवर | खिलध्वज पन्थी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

रेसुङ्गा नगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


## मधेसमा आँप खेतीको क्षेत्रफल बढे पनि उत्पादन घट्यो



मधेस प्रदेशमा आँप खेतीको क्षेत्रफल विस्तार हुँदै गए पनि यस वर्ष हावाहुरी र रोग-किराको प्रकोपका कारण उत्पादनमा उल्लेख्य गिरावट आएको छ । कृषि विकास निर्देशनालय नक्टाझिज, धनुषाको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/०८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँप खेती गरिएकोमा प्रतिहेक्टर औसत ९.०४ मेट्रिक टन उत्पादकत्व दरका आधारमा २ लाख ९४ हजार ५६७ मेट्रिक टन उत्पादन भएको छ । अघिल्लो आर्थिक वर्ष (२०८१/०८२) मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११.४३ मेट्रिक टन उत्पादकत्व दरले ३ लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो । तुलनात्मक रूपमा चालु वर्ष आँप खेतीको क्षेत्रफल २ हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ । मधेस प्रदेशमा सबैभन्दा बढी आँप खेती हुने जिल्ला सिराहा र सप्तरी हुन् । त्यसपछि धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहटमा व्यावसायिक रूपमा आँप खेती गरिन्छ । मधेस प्रदेशमा बम्बई, माल्दह, कृष्णभोग, जर्दा, अम्रपाली, बिजु, गुलाबखास, दशहरी र कलकतिया जातका आँप उत्पादन हुने गर्छन् । कृषिविज्ञ फदयनारायण ठाकुरका अनुसार यस वर्ष हावाहुरी तथा रोग-किराको प्रकोपका कारण आँप उत्पादन घटेको हो । किसानहरूले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेका छन् । बगैंचा व्यवस्थापन र सिँचाइ प्रणालीमा पनि सुधार आएको छ, तर प्राकृतिक विपद्का कारण अपेक्षित उत्पादन हुन नसकेको उनले बताए । महोत्तरीको पिपरा गाउँपालिका-३ का किसान रामबालक पाण्डेले यसपालि हावाहुरी र रोग-किराको प्रकोपले आँप नफलेको बताए । 'समयमै स्याहार-सुसार र हेरचाह गरे पनि विगत वर्षजस्तो उत्पादन भएन,' उनले भने, 'लगानीसमेत उठ्ने अवस्था छैन ।' निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३.८० मेट्रिक टन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६.२० मेट्रिक टन छ । जिल्लागत रूपमा सप्तरीमा ८ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिक टन, सिराहामा ९ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा ४ हजार ७७ हेक्टर क्षेत्रफलबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको छ । त्यसैगरी सर्लाहीमा २ हजार १०० हेक्टरबाट १३ हजार मेट्रिक टन, महोत्तरीमा ३ हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा ३ हजार ३२४ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा १ हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट ५ हजार ९६३ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्कले देखाउँछ । उत्पादन घटे पनि बजारमा आँपको मूल्य भने विगत वर्षकै हाराहारीमा रहेको व्यापारी बताउँछन् । मधेस प्रदेशमा वैशाखदेखि असारसम्म आँप बजारमा आउने गर्छ । सुरुमा बम्बई जातको आँप आउँछ भने त्यसपछि माल्दह र अन्य जातका आँप बजारमा पुग्छन् । फलफूल तथा तरकारी व्यवसायी संघ जनकपुरका उपाध्यक्ष रमन झाले यस वर्ष जेठ महिनामा पुरुषोत्तम मास परेकाले हिन्दू धर्मावलम्बीहरूका विवाह, व्रतबन्ध तथा अन्य धार्मिक कार्यक्रम कम हुँदा आँपको बिक्री प्रभावित भएको बताए । 'व्यापारीहरूले फूल लागेकै बेला बगैंचा किन्ने गर्छन्, तर उत्पादन र बजारीकरण दुवै घटेकाले धेरै व्यापारी घाटामा परेका छन्,' उनले भने । फलफूल व्यवसायी कामेश्वर साहका अनुसार आर्थिक मन्दीका कारण पनि आँपको व्यापार प्रभावित भएको छ । पहिला घर-घरमा १०-२० किलोसम्म आँप लैजाने ग्राहक अहिले औसतमा एक-डेढ किलोमात्रै किन्ने गरेको उनको भनाइ छ । बिक्री नभएका आँप कुहिने र गोदामबाट फाल्नुपर्ने अवस्था समेत आएको उनले बताए । आँप व्यवसायी मुकेश साहका अनुसार किसानबाट प्रतिकिलो ४० देखि ५० रुपैयाँमा खरिद गरिएको आँप थोक बजारमा ६०-६५ रुपैयाँमा बिक्री हुने गरेको छ भने खुद्रा बजारमा यसको मूल्य ८० देखि १०० रुपैयाँसम्म पुगेको छ । मधेस प्रदेशमा उत्पादन भएका आँप प्रदेशका विभिन्न जिल्लासहित काठमाडौँ उपत्यका र देशका अन्य प्रमुख बजारमा समेत आपूर्ति हुँदै आएको छ । उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँप खेतीको व्यावसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको कृषि क्षेत्रका सरोकारवाला बताउँछन् । फलफूल व्यवसायी संघ जनकपुरका अनुसार असारभित्र मधेसकै आँप बजारमा उपलब्ध हुनेछ । त्यसपछि श्रावण महिनादेखि भारतको उत्तर प्रदेश (यूपी) बाट आँप आयात हुने गर्छ । यस वर्ष आयातसम्बन्धी सरकारी नीतिका कारण यूपीको आँप आउँछ वा आउँदैन भन्ने विषयमा व्यवसायीहरू अन्योलमा छन् । सम्बन्धित निकायले समयमै प्राविधिक सहयोग, रोग नियन्त्रण, सिँचाइ सुविधा विस्तार तथा किसानलाई आवश्यक अनुदान उपलब्ध गराउन सके आगामी वर्षहरूमा आँप उत्पादन वृद्धि गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

*-रातोपाटी डटकम*

## किसानलाई करिब तीन करोड अनुदान




किसानलाई करिब तीन करोड अनुदान सरकारले लोपोन्मुख रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षणका लागि करिब रु तीन करोड अनुदान उपलब्ध गराएको छ । कृषि वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत कृषि जैविक विविधता संरक्षण केन्द्रले लोप हुने अवस्थामा पुगेका स्थानीय बाली तथा प्रजातिहरूको पहिचान, खेती विस्तार, अनुसन्धान तथा बीउ विकास, स्थानीय हावापानी अनुकूलका बीउ उत्पादन तथा प्रवर्द्धनका लागि स्थानीय तह, कृषि सहकारी र कृषक समूहलाई लक्षित गरी करिब रु तीन करोड सहयोग प्रदान गरेको हो ।

रैथाने बालीको संरक्षण गर्ने उद्देश्यले विभिन्न ४० स्थानीय तहमार्फत यस किसिमको आर्थिक सहयोग प्रदान गरिएको केन्द्र प्रमुख केशव देवकोटाले जानकारी दिए । कृषि जैविक विविधताको दिगो व्यवस्थापनमा सहभागी सम्बन्धित किसानलाई अनुदान प्रदान गरिएको बताउँदै उनले कृषि जैविक विविधताको व्यवस्थापनमा माटोका सुक्ष्मजीव र कृषि प्रणालीसँग सम्बन्धित आनुवंशिक स्रोतहरूको दिगो संरक्षणमा जोड दिइएको जानकारी दिए । अनुदान प्राप्त गर्न कृषक समूह, कृषि सहकारी वा निजी फार्म सम्बन्धित निकायमा दर्ता भई नवीकरण भएको हुनुपर्ने व्यवस्था छ । केन्द्रले स्थानीय तहसँग समन्वय गरी कृषि जैविक विविधताको दिगो व्यवस्थापन भए/नभएको अनुगमनसमेत गर्ने गरेको छ । कृषकद्वारा परम्परागत ज्ञान तथा सीपको प्रयोगबाट गरिने उत्पादनले जैविक विविधता संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ । किसानसँग खाद्य सुरक्षा, पोषण र जलवायु परिवर्तन अनुकूलनमा ध्यान केन्द्रित गर्न आग्रह गरेको केन्द्रले कृषि जैविक विविधताको व्यवस्थापनका लागि प्राङ्गारिक मल र जैविक विधि अपनाउनुपर्ने सर्त राखेको प्रमुख देवकोटाले जानकारी दिए । कृषकको हकहित र ज्ञानको संरक्षण गरी रैथाने बीउबिजन जोगाउन यस कार्यक्रममा सहयोग प्राप्त गर्न किसानले जैविक खेती प्रणालीमा रासायनिक मलरविषादीको प्रयोग गर्न निषेध गरिएको छ । *-रासस*

# अवैध लागूऔषधसहित १४ जना पक्राउ

**पाल्पा,** असार १३/ देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १४ जना पक्राउ परेका छन् । केन्दीय प्रहरी समाचार कक्षका अनुसार बाँकेबाट पाँच, मकवानपुरबाट तीन, कैलाली र दाङबाट दुई/दुई, सुनसरी र काठमाडौँबाट एक/एक जना पक्राउ परेका हुन् ।

प्रहरीले उनीहरूका साथबाट लागुऔषध गाँजा, अफिम र खैरो हेरोइन तथा चिकित्सको सिफिारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोल र स्पास्मो बरामद गरेको छ । बाँकेको बैजनाथ गाउँपालिका-८ चादनी चोकस्थित राठोर मेडिकल स्टोरबाट नियन्त्रित लागूऔषध स्पास्मो ४ सय ५० ट्याब्लेट सहित मेडिकल स्टोर संचालक सोही ठाउँ बस्ने ४५ वर्षीय बिमलेस सिंह राठोरलाई प्रहरीले पक्राउ गरेको छ । यसैगरी बाँकेको जानकी गाउँपालिका-६ पिप्रहवाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ९० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कोहलपुर नगरपालिका-१४ ढोडपुर बस्ने २६ वर्षीय कमलेश खटीक र जानकी गाउँपालिका-६ बस्ने ४८ वर्षीय सभान अली रहेका छन् । प्रहरी चौकी गनापुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी बाँके, नेपालगंज उपमहानगरपालिका-१० गणेशमान चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ ग्राम ३ सय ७० मिलिग्राम सहित कोहलपुर नगरपालिका-१३ बस्ने २८ वर्षीय रघु थारू समेत २ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । यस्तै काठमाडौं महानगरपालिका-११ भोटेबहालबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ३ हजार ६ सय ५० ट्याब्लेट र नगद ३५ हजार ३ सय ५० रूपैयाँ सहित सोही ठाउँ डेरा गरी बस्ने सिन्धुपाल्चोक साँगाचोकगढी नगरपालिका-११ घर भएका २६ वर्षीय अनिल गिरीलाई प्रहरीले पक्राउ गरेको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-४ हेटौंडाबाट अवैध लागूऔषध अफिम (चोप) ४ किलो ४ सय २० ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कैलाश गाउँपालिका-४ घर भएका ५४ वर्षीय राज कुमार लामा र हेटौंडा उपमहानगरपालिका-१५ घर भएका ४० वर्षीय राज कुमार तितुङ रहेका छन् । यसैगरी मकवानपुरको हेटौंडा उपमहानगरपालिका-२ मानस चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ३० मिलिग्राम सहित सोही उपमहानगरपालिका-१ चौकीटोल बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-६ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम २ सय ९० मिलिग्राम सहित इटहरी उपमहानगरपालिका-१७ कान्छी चोक बस्ने २५ वर्षीय निशान कार्कीलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । यस्तै दाङको तुलसीपुर उपमहानगरपालिका-१४ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २९ ग्राम १ सय ४० मिलिग्राम र नगद २४ हजार ८ सय ५० रूपैयाँ सहित सोही उपमहानगरपालिका-१३ बस्ने २८ वर्षीय सचिन नेपालीलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।




खेलकुद समाचार

## विश्वकप फुटबलमा बेल्जियम समूह विजेता



**काठमाडौं,** असार १३/फिफा विश्वकप फुटबलमा बेल्जियम समूह 'जी' को विजेता बन्दै नकआउट चरणमा पुगेको छ । यो समूहका इरान र इजिप्टले बराबरी खेलेका छन् । अनि न्यूजिल्याण्ड बाहिरिएको छ । शनिबार बिहान भएको खेलमा बेल्जियमले न्युजिल्यान्डलाई ५-१ गोलको फराकिलो अन्तरले हरायो । उसका ट्रोसार्डले दुई तथा केभिन डे ब्रुएना, रोमेलु लुकाकु र एलेक्सिस सेलेमेकर्सले एक/एक गोल गरे । न्युजिल्यान्डका एलिजाह जस्टले एक गोल फर्काए । समूह 'जी' कै अर्को खेलमा इजिप्ट र इरानले एक-एक गोलको बराबरी खेले । इरान पेनाल्टीमा चुक्यो भने इन्जुरी समयमा भएको गोल अफसाइड भयो ।

अर्थ/कर्पोरेट समाचार

## ग्लोबल बैंकले ल्यायो 'उद्यमशाला' कार्यक्रम

**पाल्पा,** असार १३/ग्लोबल आइएमई बैंकले उद्यमशालाका कार्यक्रम ल्याएको छ । बैंकले साना व्यवसायी तथा उद्यम गर्न इच्छुक युवा, महिला र विभिन्न समुदायका व्यक्तिहरूलाई लक्षित गर्दै 'ग्लोबल आइएमई उद्यमशाला: सीपदेखि उद्यमसम्म' नामक नयाँ कार्यक्रम ल्याएको हो ।

'अन्तर्राष्ट्रिय लघु, साना तथा मझौला उद्यम दिवस' को अवसर पारेर बैंकले यस्तो कार्यक्रम सार्वजनिक गरिएको जनाएको छ । यस कार्यक्रमको मुख्य उद्देश्य उद्यमशीलता प्रवर्द्धन र स्वरोजगार सिर्जना गर्नु रहेको बैंकका एसएमई तथा रिटेल बैंकिङ प्रमुख नरहरि सिलवालले बताए । वित्तीय पहुँचमा मात्र सिमित नभई उद्यमीहरूलाई आवश्यक पर्ने ज्ञान, सीप, व्यावसायिक कला र बजारसम्मको पहुँच सुनिश्चित गर्न कार्यक्रम केन्द्रित रहने उनले बताए । यस कार्यक्रमअन्तर्गत बैंकले शुक्रबारबाट नै आवेदन समेत आह्वान गरेको छ । निश्चित अवधिसम्म प्राप्त हुने आवेदनहरूमध्येबाट छनोटमा परेका व्यक्तिहरूलाई 'उद्यमशाला' मार्फत व्यावसायिक अध्ययन, सीप विकास र ज्ञान अभिवृद्धिका विभिन्न क्रियाकलापहरूमा सहभागी गराइनेछ । बैंकले यस नविन शुरुवातबाट उद्यमशीलताको विकासमा सहज सहयोग, सरल वित्तीय पहुँच र व्यावसायिक वातावरण निर्माण हुने विश्वास व्यक्त गरेको छ । कार्यक्रमको घोषणासँगै बैंकका कर्मचारीहरूमा समेत उत्साह थपिएको बैंकले जनाएको छ । कार्यक्रमको पहिलो चरण काठमाडौं उपत्यका र मधेस प्रदेशमा सञ्चालन गरिने बैंकले जनाएको छ । इच्छुक उद्यमीहरूले बैंकले उपलब्ध गराएको लिंकमार्फत आवेदन दिन सक्नेछन् । दर्ता भइसकेका व्यवसाय वा नयाँ सोच मात्र भएका व्यक्तिहरूले पनि आफ्नो व्यावसायिक विवरण, स्थान र सम्पर्क नम्बरसहित फारम भर्नुपर्नेछ । प्राप्त आवेदनहरूमध्येबाट निश्चित मापदण्डका आधारमा स्क्रिनिङ गरी उत्कृष्ट व्यवसायीहरूलाई सर्टलिस्ट गरिने र उनीहरूलाई कार्यक्रममा सहभागी गराइने छ ।

## पाल्पामा आम्दानीको...

...एक पटकको लगानी र कम मिहेनतमा पनि यहाँका किसानले वार्षिक पाँचदेखि आठ लाख रुपैयाँसम्म कमाउन सफल भएका हुन् । खेर गएको जग्गामा लगाएको दालचिनीका बोटबाट पात र बोक्रा बेचेर मनग्य आम्दानी गर्न सकिनेमा किसानहरु पूर्णत: विश्वस्त देखिन्छन् । भिरालो जग्गा र खेती गर्न नसकिने जग्गामा पनि दालचिनीका बोट लगाएर आम्दानी गर्न सकिने कचलका व्यावसायिक कृषक थर्कबहादुर बगालेले बताए । अन्य खेतीबाट भन्दा दालचिनीबाट फाइदा भएपछि खेतीयोग्य जग्गामा समेत मानिसले दालचिनीका बोट रोप्न थालेको उनले बताए । दालचिनी मसला तथा औषधिजन्य तेल उत्पादनमा प्रयोग हुने कच्चा वस्तु हो । दुई रोपनी क्षेत्रफलमा लगाएको दालचिनीबाट वार्षिक ५० हजारदेखि एक लाख रुपैयाँसम्म आम्दानी गर्न सकिन्छ । दालचिनी रोपेको तीन वर्षमै आम्दानी गर्न सकिने बगाले बताउन्छन् । दालचिनीको बोक्रा र पातले समेत राम्रो मूल्य पाएपछि यहाँका किसानहरु यसतर्फ आकर्षित भएका छन् । पछिल्लो समय मानिस गाउँमा बस्न छाडेको र गाउँमा बसोबास गर्ने किसानका बालीसमेत बाँदरले खान थालेपछि कृषकहरु यसतर्फ आकर्षित भएका हुन् । गाउँ छाडेर सहरमा बसाई गर्ने मानिसले समेत अचेल गाउँको खाली जग्गामा दालचिनीका बिरुवा रोप्न थालेका छन् । जिल्लाको रैनादेवी छहरास्थित खुर्सेनी, बल्ढेङ्गढी, सत्यवती, जुठापौवा, भुवनपोखरी, तिनाउको कचल, दोभान, कोलडाँडा, सत्यवती, ज्यामिरे, बेरुवा, जन्तिलुङ्ग, माथागढीको झडेवा, जगाद गोठादी, भुटुके, रम्भा, पूर्वखोला, निस्दीको अर्चले, ज्यामिरे, भिरपानी, धवला, अदममारा, धनुबाँसलगायतका क्षेत्रबाट वर्षमा पाँच करोड रुपैयाँभन्दा बढीको बोक्रा र पात निकासी हुने गरेको छ । भारत तथा अन्य मुलुकमा मसला, सुगान्धित तेल लगायतका विभिन्न किसिमका औषधि निर्माणको लागि कच्चा पदार्थको रुपमा प्रयोग हुँदै आएको दालचिनीखेती अहिले पाल्पामा व्यावसायिक रुपमा विस्तार हुँदै गएको छ । दालचिनी उत्पादनको क्षेत्रमा यातायातको सहज पहुँच पुगेपछि जिल्ला वन कार्यालय पाल्पाले बजार व्यवस्थापन, विरुवा वितरण, खेती विस्तार तथा प्रवर्द्धनका लागि क्षमता अभिवृद्धिका तालिमले कृषकलाई हौसल्ला बढाएपछि अहिले व्यावसायिक रुपमा दालचिनी खेती हुन थालेको हो ।

**छ वर्षमा ६८ लाख केजी निर्यात**

पाल्पाबाट छ वर्षको अवधिमा ६८ लाख नौ हजार ३७ किलोग्राम तेजपात र दालचिनीका बोक्रा निकासी भएको डिभिजन वन कार्यालय पाल्पाका सूचना अधिकारी खिलबहादुर तामाङले बताए । उनका अनुसार चालु आर्थिक वर्षमा १२ लाख ८४ हजार ४८२ किलोग्राम तेजपात र तीन लाख ४७ हजार ९६९ किलोग्राम दालचिनीका बोक्रा भारत निकासी भएको हो । यस्तै आव २०८१/८२ मा आठ लाख ८१ हजार सात सय ३१ किलोग्राम तेजपात र एक लाख २१ हजार १० किलोग्राम दालचिनीका बोक्रा निकासी भएको छ । यहाँ उत्पादित तेजपात र दालचिनीको प्रमुख बजार भनेको भारत हो । यसलाई भारतमा औद्योगिक कच्चा पदार्थ र मसलाजन्य बस्तुको रुपमा प्रयोग हुने गर्दछ । यहाँका कृषकले सान्यत: तेजपात प्रतिकेजी ५० देखि ६० रुपैयाँ र बोक्रा दालचिनी प्रतिकेजी एक सय रुपैयाँमा बिक्री गर्ने गर्दछन् । तेजपात र दालचिनी यहाँका नागरिकहरुको प्रमुख आम्दानीको माध्यम बनेको डिभिजन वन कार्यालयका प्रमुख मोहन श्रेष्ठले बताए । उनले भने, "विपन्न वर्गका नागरिकहरुका लागि यो सहारानै बनेको छ । यसको प्रभाव सकारात्मक परेका कारण प्रत्येक वर्ष बिरुवाको माग बढदो छ ।" समुदायमा पुगेर आर्थिक क्षेत्रमा यसको महत्व, नर्सरी स्थापनादेखि भण्डारण, बजारीकरण, कृषकलाई तालिम दिँदै आएको डिभिजन प्रमुख श्रेष्ठको भनाइ छ । वैदेशिक रोजगारमा जान चाहने युवाहरु समेत अहिले दालचिनी व्यवसायिक खेतीतर्फ लागेका छन् ।

**घरमै पुग्छन् स्थानीय व्यापारी**

स्थानीय व्यापारी बोक्रा र पात खरिद गर्न घर-घरसम्म आइपुग्छन् । पछिल्लो समयमा दालचिनीको पातबाट किसानले ६० रुपैयाँ र बोक्राबाट एक सय १५ रुपैयाँसम्म गाउँमै पाउने गरेका छन् । गोदाम रहेको स्थानसम्म लग्ने हो भने १०/१५ रुपैयाँ बढी मूल्य पाउँछन् । त्यहाँ तोकिएको मूल्यअनुसार तौलेर ल्याएको दालचिनी ठूला व्यापारीहरुले गोदाममार्फत भारत निकासी गर्दै आएका छन् । तेजपात दालचिनी व्यापारी लेखनाथ घिमिरेका अनुसार हाल कृषकको घरमै पुगेर दालचिनीको बोक्रा खरिद गर्ने गरिएको बताए । परम्परादेखि नै हुने यहाँका खन्यान, पाखोबारीका डिल तथा कान्लामा दालचिनीका बोट प्रशस्त छन् । सुरुमा आफैँ उम्रिएका केही दालचिनीका बिरुवालाई संरक्षण गर्दै किसानले बाँकी खाली जग्गामा पनि बिरुवा लगाएका हुन् । दालचिनी बोटका पात र बोक्रा प्रत्येक वर्ष असोजदेखि फागुनसम्म आफू अनुकूल काट्ने गरिन्छ ।

**भान्साको ओखती दालचिनी**

दालचिनीलाई दालचिनीबाहेक कतिपयले सुनकाउली, तेजपात भन्छन् । सामान्यत: दालचिनी हाम्रो भान्सामा सहजै उपलब्ध हुने मसला हो । मासु वा तरकारीको स्वाद बढाउन होस् वा चियाको, दालचिनी सबैमा उपयोगी हुन्छ । यसको स्वाद मीठो हुनुको साथै बास्नादार पनि हुन्छ । दालचिनीको उपयोगिता स्वाद बढाउनमा मात्र छैन, विभिन्न औषधीय गुणले भरिपूर्ण समेत छ । दालचिनी खासमा रुखको बोक्रा हो । तेजपत्ता भनेर चिनिने यसको पात पनि स्वादिलो र औषधीय गुणले भरिपूर्ण हुन्छ । दालचिनीमा भिटामिन 'ए', भिटामिन 'बी', क्याल्सियम, आइरन, म्याग्नेसियम र फाइबर हुन्छ । साथै, दालचिनीमा एन्टिफङ्गल, एन्टिब्याक्टेरियल, एन्टिअक्सिडेन्ट तत्वसमेत पाइन्छ । आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न विधाहरुमा बढी प्रयोग हुने दालचिनी र तेजपत्ता मस्तिष्कको क्षमता बढाउन वा स्मरण शक्ति बलियो बनाउन उपयोगी मानिन्छ । एक हेक्टर क्षेत्रफलमा एक हजार छ सय बिरुवा लगाउन सकिने दालचिनीको स्थानीय तहमा प्रशोधन केन्द्र स्थापना गर्नतर्फ प्रदेश र सँघीय सरकारले पहल गरेको खण्डमा वैदेशिक मुद्रा आर्जन गर्ने बलियो आधार बन्नुको साथै रोजगारीको अवसर सिर्जना हुने र स्वदेशी कच्चा पदार्थको प्रयोगको कारण उद्योग कलकारखाना फष्टाउने थियो । *-रासस*

**गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं**

-पर्याप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
-अत्यधिक घाममा लामो समयसम्म नबसौं,
-चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
-जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
-बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
-तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
-घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई